## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

## संक्षिप्त प्रतिवेदन

# गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

४ माघ, २०७७

पोखरा

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
सिंहदरबार, काठमाडौं

# संक्षिप्त प्रतिवेदन
# गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम
# ४ माघ, २०७७
# पोखरा



मुख्य मन्त्रिद्वारा दिप प्रज्जवलन हुँदै

## प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

**गण्डकी प्रदेश**

# बिषय सूची

## Contents

बिषय सूची ........ 3
पृष्ठभमी ........ 4
अन्तरक्रिया कार्यक्रमको प्रमुख उद्धेश्य ........ 5
कार्यक्रममा सहभागीहरुको विवरण ........ 5
कार्यक्रमका मुख्य उपलब्धिहरु ........ 6
कार्यक्रम शुभारम्भ तथा सञ्चालन विधि ........ 6
पहिलो सत्र) कार्यक्रमको औपचारिक उदघाटन( ........ 6
दोस्रो सत्र) कार्यपत्रहरु प्रस्तुतिकरण( ........ 6
छलफलमा उठेका विषयवस्तुहरू, समाधानका उपायहरू तथा पृष्टपोषण/सुझावहरू संकलन सत्र ........ 7
माननिय मुख्यमन्त्री श्री पृथ्बी सुब्बा गुरुङज्यु को मन्तव्य ........ 8
अध्यक्षद्धारा कार्यक्रमको मन्तव्य तथा समापन ........ 8
निष्कर्ष ........ 10
कार्यक्रम तालिका ........ 11
कार्यक्रमका झलकहरू ........ 14

## पृष्ठभमी

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम नेपाल सरकारको नेतृत्वयमा प्रदेश तथा स्थानीय सरकारहरु बिच त्रिषक्षीय र दातृनिकायहरुसंग सहभागी भइ देशब्यापी रुपमा संचालित एउटा महत्वप"र्ण कार्यक्रमको रुपमा संचालित छ। यस कार्यक्रमले प्रदेश तथा स्थानीय सरकारको संस्थागत क्षमता अभिबृद्धि गरि कुशल, पारदर्शी, प्रभावकारी र जवाफदेही सासन संयन्त्रको परिकल्पाना गरेको छ। हाल यो कार्यक्रम सात वटै प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत रहेको शासकीय सुधार तथा समन्वय महाशाखा अन्तर्गत स्थापना गरिएको प्रदेश कार्यक्रम कार्यन्वयन इकाई मार्फत संचालन भईरहेको छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम समन्वय इकाई मार्फत संचालन भइ रहेको छ।

गण्डकी प्रदेशमा पनि यो कार्यक्रम विधिवत रुपमा ५ नोवेम्भर, २०१९ देखि संचालन हुदै आइरहेको छ। कार्यक्रमलाई गतिशिल बनाउन शासकीय सुधार तथा समन्वय महाशाखा अन्तर्गत प्रदेश कार्यक्रम कार्यन्वयन इकाईद्धारा संचालित छ भने प्रदेश कार्यक्रम डाईरेक्टर तथा मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री इन्दु घिमीरेज्यु तथा प्रदेश कार्यक्रम प्रबन्धक श्री मुक्तिनाथ भण्डारीज्युले विशेष योगदान पुर्याउँदै आइरहेको छ।अर्कोतर्फ परियोजनाले गण्डकी प्रदेश सरकारलाई सहयोग तथा सहजीकरण गर्नको लागि आवश्यक दक्ष मानव जनशक्तिहरुलाई विषय विज्ञको रुपमा व्यवस्था गरेको छ। कार्यक्रमलाई दिशानिर्देश गर्नको लागि गण्डकी प्रदेशले प्रदेश वार्षिक रणनैतिक योजना बनाई कार्यक्रम कार्यन्वयन गरिरहेको छ भने स्थापित लक्ष्य प्राप्तिका प्रगतीहरुको सम्बन्धित निकायबाट निरन्तर रुपमा अनुगमन, नियमन तथा सुपरिवेक्षण गर्दै पृष्ठपोषण तथा सुझावहरु दिदै आइरहेको छ। यस कार्यक्रम कार्यन्वयन गर्दा अन्तर सरकारसंगको समन्वय, सहकार्य तथा सहजीकरणले कार्यक्रमलाई मुर्त रुप दिने विश्वासका साथ प्रदेश सरकारले संघिय सरकार तथा स्थानिय सरकारसंगको भर्टिकल तथा क्षितिजीय सम्बन्ध मजबुत पार्ने जस्ता रणनितिहरु अवलम्बन गर्दै आइरहेको छ। संघिय सरकार अन्तर्गत स्थापित कार्यक्रम समन्वय इकाईसंगको निरन्तर छलफल, पृष्ठपोषण र सहकार्यले तथा स्थानिय सरकारहरुसंगको सम्बन्ध विस्तार तथा सहजीकरणले गर्दा गण्डकी प्रदेशमा स्थापित गरिएका कार्यक्रमका लक्ष्यहरु प्रगती पथतिर लम्कदै गइरहेको अवस्था रहेको छ। यसै सम्बन्धमा अन्तर सरकारहरुविचको सम्बन्धलाई निरन्तरता तथा मजबुत बनाउनको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत रहि यस कार्यक्रमको समन्वय इकाई, सिहदरबारद्धारा माघ ४ गने गण्डकी प्रदेशमा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। यस प्रतिवेदनमा कार्यक्रमका महत्वपुर्ण एजेण्डामा गरिएका छलफलहरु, प्रदेश तथा स्थानिय सरकारका राष्ट्रसेवकद्धारा सेयर गरिएका अनुभवहरु र आगामी पहल कदमीहरुलाई सारांशमा समेट्ने प्रयास गरिएको छ।

**अन्तरक्रिया कार्यक्रमको प्रमुख उद्धेश्य**


यस कार्यक्रमको मुख्य उद्धेश्य गण्डकी प्रदेशमा प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रमको अवस्था र कार्यक्रम कार्यन्वनका क्रममा स्थानिय सरकारहरुका अनुभव आदान प्रदान गरि कार्यक्रमलाई आगामी दिनहरुमा प्रभावकारी ढंगले अघि बढाउनका लागि आवश्य समन्वय, सहकार्य तथा सहजीकरणका संभावनामा छलफल गर्दै कार्यक्रमलाई सफल बनाउने रहेको छ ।


**कार्यक्रम संचालन भएको स्थान, मिति र समय**

प्रदेश स्तरीय अन्तक्रियात्मक कार्यक्रम मिति २०७७/१०/०४ गते पोखरा ग्राण्ड होटल, विरौटा, पोखरामा सञ्चालन भएको थियो । कार्यक्रम विहान ९ बजेदेखि बेलुका ४ बजेसम्म सञ्चालन भएको थियो । पहिलो सत्रमा उद्धाटन कार्यक्रम रहेको थियो भने दोस्रो सत्रमा कार्यपत्रहरु पत्रहरू प्रस्तुती पश्चात् सहभागीहरुद्धारा पृष्ठपोषण लिने र सम्बन्धित जिम्मेवार प्रस्तुतकर्ताहरुद्धारा सोधिएका प्रश्नहरुमाथि प्रष्टयाउने कार्य भएको थियो ।

**कार्यक्रममा सहभागीहरुको विवरण**

कार्यक्रममा मुलत प्रदेश तथा स्थानिय निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई आमन्त्रण गरिएको थियो । स्थानिय सरकारमा कार्यरत नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतहरु तथा प्रदेश अन्तरगतका सहसचिवहरु र सम्बन्धित कर्मचारीहरु कार्यक्रममा उपस्थित हुनु भएको थियो भने गण्डकी प्रदेश अन्तर्गत प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रममा कार्यरत सबै प्राविधिक कर्मचारीहरु पनि सहभागी भएका थिए । कार्यक्रमा जम्मा गरि ११५ (महिला–९, पुरुष–१०६, जम्मा–११५, दलित–१ जनजाति–२९ अन्य–८५) जना सहभागीहरु रहेका थिए ।



**कार्यक्रमका मुख्य उपलब्धिहरु**

यस कार्यक्रमका मुख्य उपलब्धिहरु यस प्रकारका छन् ।

१) प्रदेश तथा स्थानिय शासन कार्यक्रमको फ्रेमवर्क तथा यसका गतिविधीहरुको जानकारीका साथै गण्डकी प्रदेशमा यस कार्यक्रमका अवस्थाबारे सहभागीहरुलाई जानकारी गराइएको ।

२) कार्यक्रमले लिएका निर्धारित उदेश्यहरु प्राप्ति गर्नका लागि संघ, प्रदेश तथा स्थानीय सरकारका काम तथा जिम्मेवारी र त्यसमा राष्ट्रसेवक कर्मचारीहरूको थप दायित्वबारे बोध गराइएको ।

३) कार्यक्रमलाई पारदर्शी, प्रभावकारी र पारदर्शी रुपमा कार्यन्वयन गर्नका लागि भविष्यमा नियमीत छलफल तथा भइरहेका प्रगती विवरणका साथै अनुभवहरु आदान प्रदान गर्ने वातावरण सृजना भएको ।

**कार्यक्रम शुभारम्भ तथा सञ्चालन विधि**

**पहिलो सत्र (कार्यक्रमको औपचारिक उदघाटन)**

यो कार्यक्रम गण्डकी प्रदेका मुख्य सचिव श्री विष्णुप्रसाद नेपालज्युको प्रदेश अध्यक्षतामा मिति २०७७/१०/०४ मा राष्ट्रगानका साथ कार्यक्रमका प्रमुख अतिथीको रूपमा माननीय मुख्य मन्त्रि श्री पृथ्वी सुब्बा गुरुङ्घज्युले पानसमा दिप प्रज्वलनका साथ शुभारम्भ गरिएको थियो।यस्तै कार्यक्रममा अतिथीको रुपमा प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय सिहदरबारका सचिव श्रीमान धनराज ज्ञवाली, संघिय मामिलातथा सामान्य प्रशासान मन्त्रालय काठमाडौका सचिव श्रीमान एक नारायण अर्याल र यसै मन्त्रालयका सहसचिव श्री गोपीनाथ खनालज्युले आसन ग्रहण गर्नु भएको थियो ।यसै गरि सहभागीहरुका तर्फबाट, यस कार्यक्रमका निर्देशक तथा मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, कार्यक्रमका प्रबन्धक, गण्डकी प्रदेश तालिम केन्द्रका कार्यकारी निर्देशक, प्रदेश अन्तर्गतका सचिवज्युहरु, मन्त्रालयका राष्ट्रसेवक कर्मचारीहरु, जिल्ला समन्वय समितिका समन्वय अधिकारीज्युहरु, स्थानिय सरकारका प्रमुख प्रशासकिय अधिकृतज्युहरु, मिडियाकर्मी लगायत यस प्रदेश तथा स्थानिय सासन सहयोग कार्यक्रमका प्राविधिक कर्मचारीहरु रहेका थिए ।

कार्यक्रमको शुभारम्भ लगतै संघिय मामिला तथा सामान्य प्रशासनका सह सचिव श्री राजीव पोखरेलज्युले कार्यक्रमको उदेश्यमाथि प्रकास पार्दै सम्पुर्ण सहभागीहरुलाई स्वागत मन्तवय दिनु भएको थियो । यसै गरि कार्यक्रममा उपस्थित सम्पुर्ण सहभागीहरुले आफ्नो कार्यक्षेत्र तथा परिचय दिने कार्यक्रम भएको थियो । यस पश्चात् कार्यक्रमका प्रमुख अथिती र ड्यासमा आसन ग्रहण गर्नु भएका अन्य अतिथि वर्गद्धारा आफ्ना सारगर्भित मन्तवय व्यक्त गर्नु भएको थियो । मन्तव्य राख्ने क्रममा माननिय मुख्य मन्त्रिज्युले कार्यक्रम एकदमै राम्रो रहेको र यसको सफलताको लागि सम्पुर्ण गण्डकी प्रदेशवासीहरुको अर्थपुर्ण सहभागीको आवश्यता टड्कारो रहेको बताउनु भएको थियो भने अन्तमा कार्यक्रमक अध्यक्षता ग्रहण गर्नु भएका प्रदेस सचिव श्रीमान विष्णु प्रसाद नेपालज्युले सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई निष्ठापुर्वक आफना जिम्मेवारी तथा दायित्व निर्वाह गर्न र आउदै गरेको चुनावी माहोलमा संलग्न नभई सदैव राष्ट्रको भलो हुने कार्यमा लाग्न अनुरोध गर्दै पहिलो सत्रको समापन भएको घोषणाका साथै दोस्रो सत्र थालनीबारे बताउनु भएको थियो ।

**दोस्रो सत्र (कार्यपत्रहरु प्रस्तुतिकरण)**

यस कार्यक्रममा मुलत ३ वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । पहिलो कार्यपत्र प्रधानमन्त्रि तथा मन्त्रिपरिषद कार्यालयका सचिव श्रीमान धनराज ज्ञवालीज्युले प्रस्तुत गर्नु भएको थियो जस्मा तिन तहको सरकार र अन्तर सम्बन्धको बारेमा प्रकाश पारिएको थियो । कार्यपत्रमा नेपालको संघियताको विशिष्ट अवस्था, राज्यको संरचना र शक्तिको वाँडफाड, तीन तहको सरकारको अन्तरसम्बन्धका आधारहरु, अधिकारका प्रयोग, परामर्श र समन्वय,

एकल तथा साझा अधिकारहरुको कार्यन्वयन र उल्लेख नभएका अधिकारहरुको कार्यन्वनबारे प्रष्ट्याउनु भएको थियो । यसै गरि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह सचिव तथा प्रदेश तथा स्थानिय सासन सहयोग कार्यक्रम (पी एल जि एस पी)का राष्ट्रिय कार्यक्रम निर्देशक श्री गोपीकृष्ण खनालज्युले पी एल जि एस पी कार्यक्रमको कार्यान्वयन अवस्था, प्रदेश शुसासन केन्द्रका सवालहरु, स्थानिय विकास प्रतिष्ठानहरुको पुनसंरचना, तालिम मोड्यूलहरुको अवस्था, क्षमता विकास सम्बन्धिम पाठ्यक्रमहरु, मन्त्रालयबाट हालसम्म भएका नयाँ कार्यहरुको जानकारी, रणनैतिक योजना, स्थानिय तहको संस्थागत स्वमुल्याँकन, कर्मचारीको विमा, अनुगमन प्रणाली बारे जानकारी दिनु भएको थियो भने अन्तमा उहाँले पि एल जि एस पी कार्यक्रम नितान्त सरकारलाई सहयोग गर्ने कार्यक्रम रहेको र प्रदेश तथा स्थानिय सरकारलाई यसको उचित कार्यन्वयनमा अपनत्व लिदै सफलतापुर्वक अगाडी बढाउन अनुरोध गर्नु भएको थियो तेस्रो कार्यपत्र प्रस्तुत गर्ने क्रममा यस कार्यक्रमका प्रदेश कार्यक्रम निर्देशक तथा मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्रीमान इन्दु घिमिरेज्युले कार्यक्रमको हालको अवस्थाबारे बताउनु भएको थियो । कार्यक्रम कार्यन्वयनको क्रममा आएका समस्या, चुनौतीहरु तथा कार्यक्रमले लिएका रणनैतिक योजनाबारे प्रकाश पार्नु भएको थियो । अन्तमा यस कार्यक्रमलाई सफल बनाउनको लागि आवश्यक पर्ने सुझावहरु तथा आगामी पहल कदमीबारे बताउनु भएको थियो ।

**छलफलमा उठेका विषयवस्तुहरू, समाधानका उपायहरू तथा पृष्टपोषण/सुझावहरू संकलन सत्र**

कार्यक्रममा उपस्थित सबै सहभागीहरुले छलफलमा सहभागीतामुलक ढंगले सवालहरू माथि छलफल गरेका थिए ।मुलत संस्थागत व्यवस्थापन, कर्मचारी व्यवस्थापन तथा नियुक्ती, शैक्षिक नियमावली, उद्योग व्यवसाय ऐन, स्थानिय सरकारको डि पि अर बनाउनमा क्षमता विकास गर्ने जस्ता विषयवस्तुहरूमा अफना विचारहरू तथा अनुभवहरूमा व्यापक छलफल गरिएके थियो । छलफलमा ब्यास नगरपालिका , कावासोती नगरपालिका, गण्डकी गाउँपालिका, सचिव–वन निदेर्शालय, भिरकोट नगरपालिकाका जिम्मेवार कर्मचारी तथा प्रमुख प्रशासनिक अधिकृतहरुले आफ्ना जिज्ञासाहरुको साथमा भए गरेका अभ्यासहरु बताउनु भएको थियो । स्थानीयस्तरमा कार्यरत प्राविधिक जनशक्तिहरुको माग र अन्य कर्मचारीको संख्याहरुमा समायोजन गर्नु पर्ने आवश्यकता बारे जानकारी दिनु भएको थियो भने सिमित दक्ष जनशक्तिलाई कार्यबहनको भारले गर्दा कार्यकुशलतामा प्रभाव परेको कुरा आएको थियो ।कर्मचारी समायोजन गर्दा स्थानिय निकायमा कस्ता कर्मचारीको आवश्यकता रहेको छ त्यही अनुसार कर्मचारी राख्ने प्रणालीको विकास गर्न अपरिहार्य रहेको छ, यस कार्यका लागि सम्बन्धित निकायको ध्यान पुग्नुपर्ने र यसको लागि अनुगमन तथा सुपेरिवेक्षणको आवश्यकता रहेको कुरा छलफलमा भएको थियो ।

यसै गरि टेण्डर व्यवस्थापनबारे मुल ऐन बनाउनु पर्ने र यस कार्यको मुल्याँकनको लागि सम्बन्धित विषयविज्ञको व्यवस्था हुनु पर्ने विषय पनि छलफलमा आएको थियो ।यस्तै कार्यक्रममा समन्वयको बारेमा पनि प्रश्न उठेको थियो । सहभागीहरुले समन्वय के का लागि र कसरी गर्ने भन्ने कुरामा अलमल्ल रहेको र तीन तहको सरकार हाल isolation मा रहेर चलेको बताउदै यस प्रति प्रष्ट हुन पाउने प्रश्न आएको थियो । यस्तै भिरकोट नगरपालिका स्याङ्घजाले हाल ढुड.गा गिटी बालुवा प्रशोधन मेसिन सम्बन्धि कार्यविधी बनाई अगाडी बढेको र यस कार्यविधि प्रकृया ठिक वा बेठिक के हो भन्ने कुरा प्रष्ट हुन चाहेको कुरा राख्नु भएको थियो । यस्तै कार्यक्रमका गतिविधिहरुलाई अनलाइन प्रणालीमा राख्न कठिन रहेको र कम्प्युटर चलाउने कर्मचारी पनि नभएको र यस सम्बन्धि कर्मचारी राख्न के कस्ता नियम रहेका छन् भन्ने कुरा सोधिएको थियो ।

अन्तमा यस छलफल कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ र समाधानको उपायहरुमा मन्तव्य दिने क्रममा मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालका सचिव श्री धनराज ज्ञवालीज्युले संघिय सरकारले विभिन्न नमुना कार्यविधिहरु

बनाएको र स्थानिय शासन कार्यन्वयन ऐन अनुसार नै कार्यविधि तयार भएकोले त्यसको उचित प्रयोग गरि काम कार्वाही अघि बढाउनु पर्ने कुरामा जोड दिनु भएको थियो । यस्तै उहाँले कर्मचारी समायोजन ऐन र त्यसको कार्यन्वयनमा के कसरी गर्न सकिन्छ भन्ने छलफलको अवस्था बारे जानकारी दिनु भएको थियो । यस्तै उहाँले सार्वजनिक ऐनमा रहेर निश्चित कुराहरुमा रहेर कार्यविधि बनाई अघि बढनु पर्ने कुरामा जोड दिनु भएको थियो । यस बाहेक संघिय कानुनको आधारमा कानुन बनाउनु पर्ने जस्ता महत्वपुर्ण कुराहरुमा विशेष जानकारी दिनु भएको थियो ।यस पश्चात् संघिय मामिला तथा सामान्य प्रसासनको सचिव श्री एक नारायण अर्यालज्युले कार्यपत्रहरु अत्यन्त राम्रा र सान्दर्भिक रहेको बताउनु हुदै समन्वयको उदाहरणमा यो अन्तरक्रिया कार्यक्रम रहेको बताउनु भयो । समृद्ध नेपाल बनाउन सबै तहका सरकार उतिकै जिम्मेवार र काम प्रति प्रतिबद्ध हुनु पर्ने कुराको जिकीर गर्नु भएको थियो । उहाँले हाल विकासको काम हुन नसकेको र ९० प्रतिसत समय कर्मचारीको सरुवा, बढुवामा नै अल्झिने कुरा अध्ययनले देखाएको बताउनु भएको थियो । संस्था व्यवस्थापनबारेको मापदण्डहरु स्विकृत हुन लागेको कुरा जनाकारी गराउदै उक्त मापदण्डमा रहेर काम गर्नु पर्ने भन्नु भएको थियो । यसैगरि हाल जनताको सरकार प्रतिको विश्वास घटदै गइरहेको र सरकार प्रतिको उच्च आशाको अवस्था भएकोले तिनै तहको सरकारले यस प्रति विशेष सजक हुनु पर्ने कुरा माथि प्रकाश पार्नु भएको थियो । यस्तै उहाँले सार्वजनिक सेवाको अवस्था, स्थानियस्तरमा बेरुजुको अवस्था, प्रतिबद्धता कागजमा हस्ताक्षर, प्रतिवेदन प्रणाली, क्षमता विकास, देशको राजनैतिक अवस्था र राष्ट्रसेवकले यस्तोअवस्थामा आफना कामप्रति बफादार बन्नु पर्ने अवस्था, र संघिय निजामती ऐन बारे जानकारी दिनु भएको थियो

**मानानिय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यु को मन्तव्य**

यस कार्यक्रमका मुख्य अतिथिको रुपमा पाल्नु भएको गण्डकी प्रदेशको मुख्य मन्त्रिज्युले हाम्रो संविधानमा व्यवस्था भएको अन्तरसरकारी संरचनाको बारेमा बताउनु हुदै विशेष गरि वित्त व्यवस्थापनमा प्रकाश पार्नु भएको थियो । वित्त प्रणाली कमजोर रहेको र स्थानिय र प्रदेश सरकारले आवश्यक वित्तमा संघिय सरकारमा निर्भर रहनु पर्ने कुरामा जोड दिनु भएको थियो । संघियताको बुझाइनै फरक फरक रहेकोले सबै भन्दा पहिले बुझाइमा क्षमता विकास गर्नु पर्ने बताउनु भएको थियो । अन्तर सरकार विचको समन्वय र सम्बन्ध सुमधुर हुनु पर्ने र कसैले कसैमाथि आफ्ना विचार लाद् न नहुने बताउनु भयो । यसैले सहकार्य र समन्वयमा आएका समस्याको निराकरण गर्न प्रदेश तथा स्थानिय सासन सहयोग कार्यक्रम सहायकसिद्ध बन्न सक्ने कुरा बताउनु भयो । गण्डकी प्रदेशमा पनि बेरुजु बढेको समस्याको कारण आर्थिक प्रणाली कमजोर रहेको र त्यस प्रति सबैको ध्यान पुग्नु पर्ने र कार्यक्रमले सार्वजनिक प्रसासन र सेवा लाई पारदर्शि, जवाफदेहि,जिम्मेवार र अनुसासन कार्यमा ठुलो भुमिका खेल्नु पर्ने कुरा बताउनु भएको थियो । स्थानिय स्तरमा भएको राजनैतिक झगडामा प्रमुख प्रशासनिक अधिकृतहरुले सहजीकरण गर्दै पुलको रुपमा काम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । स्थानिय निकायमा सञ्चालन भएका र हुने क्रियाकलापहरुको संयोजन, संगठन र कार्यन्वयनमा प्रमुख प्रशासनिक अधिकृतहरुले विशेष भुमिका खेल्नु पर्ने बताउनु भयो । अन्तमा यस प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रमले स्थानियस्तरमा धेरैनै सहजीकरण र सहयोग गर्नु पर्ने देखिएकोले यस कार्यक्रम प्रति उहाँको विषेश आशा रहेको जानकारी दिनु भएको थियो ।

**अध्यक्षद्धारा कार्यक्रमको मन्तव्य तथा समापन**

कार्यक्रमको अन्तमा यस अन्तक्रिया कार्यक्रममा अध्यक्षता ग्रहण गर्नु भएका प्रदेश प्रमुख श्रीमान विष्णु प्रसाद नेपालज्युले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अत्यन्त राम्रो रहेको र यसले सार्वजनिक प्रशासनलाई जवाफदेहि, पारदर्शी,र जिम्मेवार बनाउन सहयोग गर्दछ र सार्वजनिक सेवाहरुबाट जनतालाई भरपुर सन्तुष्टी प्रदान गर्न मदत गर्दछ भन्ने कुरालाई विशेष जोड दिनु भएको थियो । संघिय तथा प्रदेश सरकारले स्थानिय सरकारका आवधिक योजना, वार्षिक योजना, राजस्व सुधार कार्य योजना जस्ता महत्वपुर्ण दस्तावेजहरु बनाउन सहयोग गर्नु

पर्ने समय रहेको र यसको लागि सम्बन्धित निकायहरुबाट विशेप पहल र योगदान पुर–याउन अनुरोध गर्नु भएको थियो । यस्तै उहाँले सम्पुर्ण कर्मचारीहरुलाई मध्यनजर गर्दै हामी निजामती कर्मचारी हौ । हामीले कर्तव्यनिष्ठपुर्वक आफना काम र जिम्मेवारीलाई व्यवसायिक ढंले गर्नु पर्ने कुरा जिकिर गर्नु भएको थियो। हामीले दिएका प्रतिबद्धतामा हामी सदैव अगाडी बढ्नु पर्दछ र यस प्रति सबै राष्ट्रसेवक कर्मचारीहरु सचेत बन्नु पर्ने कुरामा जोड दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

**निष्कर्ष**

यो अन्तरक्रिया कार्यक्रम तीन तहको सरकारमा रहेर काम गर्ने राष्ट्रसेवक कर्मचारीहरुको प्रदेश तथा स्थानिय सासन सहयोग कार्यक्रमको बारेमा घनिभुत रुपमा छलफल गरि आगामी पहल कदमीको आवश्यकताहरु पहिल्याउने एउटा महत्वपुर्ण कदम रहेको छ। यो कार्यक्रम मार्फत अन्तर सरकारी सम्बन्धलाई सुमधुर र समन्वयको राम्रो शुरुवाती उदाहरण पनि मान्न सकिन्छ। स्थानियस्तरमा कार्यरत जिम्मेवार राष्ट्रसेवकहरुद्धारा प्रदान गरिएका सिकाईहरु, अनुभव र समस्यालाई गाँठो फुकाउने र रणनितिहरु तयार गरि तीनै तहमा कार्यन्वयनको आवश्यकता औल्याउन मदत पुगेको देखिन्छ। अर्का तर्फ तीनै तहका सरकार तथा कार्यरत कर्मचारीहरुले प्रदेश तथा स्थानिय सासन सहयोग कार्यक्रमलाई अपनत्व ग्रहण गरि यसका लक्ष्य प्राप्तिमा भरपुर सहयोग गर्नु पर्दछ। यस प्रकारको कार्यक्रम आगामी दिनहरुमा पनि आयोजना गरि कार्यक्रमको अवस्था, लक्ष्य प्राप्तीको थप रणनितीहरु र पहलकदमी बारे तीनै तहका सरकारलाई सहयोगसिद्ध हुने हुँदा यो नितान्त जरुरी देखिन्छ र यसले जवाफदेहि, पारदर्शी र कुशलपुर्वक काम गर्न थप उर्जा प्रदान गर्दछ।

# कार्यक्रम तालिका

**कार्यक्रम संचालनः श्री मुक्ति नारायण भण्डारी**

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| १०:00-10:१५ | अध्यक्षता ग्रहणः प्रमुख सचिव श्री विष्णुप्रसाद नेपाल ज्यू | |
| | प्रमुख अतिथिः माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरूङ्ग ज्यू | |
| | **अतिथिको आसन ग्रहण**<br>१) सचिव श्री एक नारायण अर्याल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>(२) सचिव श्री धनराज ज्ञवाली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अतिथिज्यूहरु |
| | **अतिथिहरूको आशनग्रहणः**<br>प्रदेश सचिवज्यूहरू,<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव ज्यूहरू,<br>प्रमुख जिल्ला अधिकारी ज्यू, कास्की<br>प्रमुख प्रशासकीय अधिकृत ज्यू पोखरा म.न.पा,<br>कार्यकारी निर्देशक ज्यू, गण्डकी प्रदेश प्रशीक्षण प्रतिष्ठान<br>जिल्ला समन्वय अधिकारी ज्यूहरू,<br>प्रदेश लेखा नियन्त्रक ज्यू,<br>प्रमुख प्रशासकीय अधिकृत ज्यूहरू,<br>उपस्थित सम्पूर्ण सहभागीज्यूहरू, | |
| | **राष्ट्रिय गानः** | |
| | पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुदघाटन | माननीय मुख्यमन्त्री ज्यूबाट |

| | | |
|---|---|---|
| १०:१५-<br>10:३० | स्वागत एवं उद्देश्यमाथि प्रकाशः  श्री राजीव पोखरेल, सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| १०:३०-<br>10:४५ | परिचय | सवै सहभागी |
| १०:४५-<br>1१:१५ | (१) अन्तर सरकारी समन्वयका सम्बन्धमा प्रस्तुति | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | |
|---|---|---|
| ११:१५-<br>1१:४५ | (२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको समग्र प्रस्तुतिः | सहसचिव एवं राष्ट्रिय कार्यक्रम निर्देशक डा. गोपीकृष्ण खनाल ज्यू संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ११:४५-<br>1२:०५ | (३) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्रदेशको प्रस्तुति | प्रदेश कार्यक्रम निर्देशक श्री इन्दु घिमिरे ज्यू |
| १२.०५-<br>१२.२० | चिया | |
| १२:२०-<br>1२:३५ | प्रस्तुतिहरुका सम्बन्धमा छलफल र सुझाब (१५ मि.) | सहभागि सबै |
| १२:३५-<br>१३.३० | मन्तव्य | |
| | (१) श्रीमान् सचिवज्यू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>(२) श्रीमान् सचिवज्यू, स.मा.तथा सा.प्र.म. | |
| | मन्तव्य प्रमुख अतिथी माननीय मुख्यमन्त्रीज्यू | |
| | मन्तव्य र समापन श्रीमान् प्रमुख सचिवज्यू | |
| १३.३० | खाना | |

# कार्यक्रमका झलकहरू










नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

सिंहदरबार, काठमाडौँ